नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक ३८ २०८० साल बैशाख ३१ गते आइतवार (14 May 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** तीन महिनाको अवधीमा विष ... **पृष्ठ ३ मा :** ओलीदेखि रविसम्म लोकप्रियतावादको... **पृष्ठ ४ मा :** नक्कली शरणार्थी प्रकरणमा ... **पृष्ठ ५ मा :** भुटानी शरणार्थी बनाएर तेश्रो ...

# उच्चदेखि सर्वोच्च अदालतको आदेशको अवज्ञा

# डिपीआर र अदालतको आदेश विपरीत हुलाकी राजमार्ग



**राजविराज**/हुलाकी राजमार्ग अन्तरगत सप्तरीको कल्याणपुर-बसाईन-स्वर्णपट्टी खण्डमा उच्च अदालत जनकपुर-राजविराज इजलाश र सर्वोच्च अदालतले गरेको आदेशको अवज्ञा गर्दै काम भइरहेको छ ।

सार्वजनिक सरोकारका विषयमा अदालतले सो आदेश दिएपनि कार्यान्वयन गर्ने निकाय मौन बस्दा उक्त सडक खण्डको काम सूचारु नै छ ।

नक्साङकन (सर्वे) गरिएको र मुआब्जा तीरेको भन्दा फरक नक्सामा हुलाकी राजमार्गको स्तरोन्नती निर्माण कार्य भईरहेको स्थानीयले गुनासो गरेका हुन् ।

हुलाकी राजमार्ग अन्तर्गत सप्तरीको कल्याणपुर-बसाईन-स्वर्णपट्टी सडक खण्डको देउरी, सिम्रहा र स्वर्णपट्टी सहितको स्थानमा नक्साङकन र मुआब्जा बितरण गरिएको भन्दा फरक जग्गामा सडक निर्माण कार्य अदालतको आदेश बिपरीत भइरहेको स्थानीयवासी नरेन्द्र नारायण साहुले जानकारी दिएका छन् ।

आदेश कार्यान्वय गर्ने निकाय र पदाधीकारी उदासिन भइदिदा कार्यान्वयन कार्यको बोझ मात्र बढ्दै गएको कानुन व्यवसायी बिजय झाको भनाई छ । स्थानीयवासीहरुका अनुससार उक्त सडक खण्डको कित्ता नं.५९४ बाट कित्ता काट गरी कायम भएको ८९५ नम्बर कित्ताको साढे ६ धुर जग्गाको मुआब्जा दिइ सकिएको छ ।

उक्त कित्तामा बाँकी १ कठ्ठा १ धुर जग्गा मिच्ने हिसाबले स्वर्ण पुलदेखि दक्षिण करिब ५० मिटर लम्बाई सडक टेढो पारी निर्माण कार्य भईरहेको छ । सडकको बिच भागबाट दुबै पट्टी बराबर गरी जग्गा अधिग्रहण गर्नु पर्नेमा सो नगरी स्थानीय जनप्रतिनिधी र निर्माण कम्पनीको मिलोमतोमा सडकलाई टेढो बनाएर काम भइरहेको स्थानीयबासी योगेन्द्र यादवले बताए ।

साबिकको नक्सामा समेत यस स्थानमा हुलाकी सडक सिधा रहेको नापी कार्यालयबाट प्राप्त प्रमाणित नक्शा देखाउँदै उनले भने- "अहिले कसरी टेढो भयो, बुझ्नै सकिएन ।"

यस्तै सोही सडक खण्डको देउरी नजिक योगेन्द्र यादव र राम प्रसाद यादवको नाममा रहेको कित्ता नं.३०९ र ३१० को कुल जग्गा मध्ये २२ धुर जग्गाको मुआब्जा पाएको भन्दा फरक जग्गामा सडक निर्माण कार्य भईरहेको स्थानीयले जानकारी दिएका छन् ।

उक्त स्थानमा डिपीआर, नक्साङकन र मुआब्जा बितरण गरिएको जग्गा भन्दा फरक जग्गामा सडक निर्माण भईरहेको भन्दै स्थानीयले २०७५ मंसिर २५ गते उच्च अदालत जनकपुर-राजबिराज इजलाशमा दिएको निषेधाज्ञा परमादेश मुद्दामा सुनुवाई गर्दै अदालतबाट तत्काल काम नगर्न निर्माण कम्पनीको नाममा परमादेश जारी भएको थियो । तर, सो आदेश विपरीत निर्माण कार्य जारी रहदा स्थानीयवासिन्दाको तर्फबाट बोदेबर्साइन नगरपालिका ९ निवासी नरेन्द्र नारायण साहुले निर्माण कम्पनी श्री दिवा निर्माण सेवा प्रालि, हुलाकी सडक आयोजना कार्यालय र बोदे बसाईन नगरपालिका कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत पुगेका थिए ।

सर्वोच्च अदालतको फैसला कार्यान्वय निर्देशनालयले २०७९ साल फागुण १६ गते चलानी नम्बर ३३२ को पत्र विपक्षीहरुलाई पठाई उच्च अदालत जनकपुर-राजविराज इजलाशबाट भएको आदेश कार्यान्वयन गरी गराइ सोको जानकारी अविलम्ब यस निर्देशनालयलाई पठाउनु भनी आदेश भएको थियो ।

सो आदेशको पनि पालना नभई अहिले निर्माण कम्पनीद्वारा सडक निर्माण कार्य जारी रहेको स्थानीयबासी राम प्रसाद यादवले गुनासो पोखे । सार्वजनिक सरोकारको विवादमा अदालतबाट आदेश जारी भएपनि आदेश कार्यान्वयन भए नभएको तथा आदेश कार्यान्वयन गर्ने निकाय मौन बसिदिदा अवज्ञा गर्नेहरुको मनोवल बढ्दै गएको स्थानीयवासीहरुको भनाई छ ।

दिवा निर्माण सेवा प्रालि काठमाण्डौले १७ दशमलव २८ किलो मिटर लामो बजार क्षेत्रमा ११ र बजार बाहिर ७ मिटर चौडाइ कालोपत्रे गर्ने उक्त सडक निर्माण कार्यको मुल्य अभिबृद्धि कर बाहेक ५८ करोड ३ लाख ९७ हजारमा ठेक्का पाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

**यसका लक्षणहरु:**

- दु:खी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

**यसबाट बच्न,**

- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरीक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मद्यपानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- मानसिक समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्थानिय भाषालाई प्राथमिकता देऊ

नेपालको राष्ट्रिय भाषासँगै अन्य विभिन्न भाषाहरुको आफ्नै महत्व रहेको छ । मुलुकमा संघीयता आएपछि स्थानिय स्तरमा बोल्ने र प्रयोग हुने विभिन्न भाषाहरुलाई समेत महत्व दिइदै छ । तर, अहिले पनि स्थानिय स्तरको भाषालाई लिपिबद्ध रुपमा रुपान्तरण गर्न स्थानिय पालिकाहरुले गर्न सकेका छैनन् । हरेक स्कुल, कलेजमा स्थानिय भाषाका पुस्तकहरु भेट्न मुश्किलै छ । मात्र बोलचालको रुपमा स्थानिय भाषालाई प्राथमिकता दिइएको छ । विद्यालय उमेरको मानव मस्तिष्कमा भाषा सिक्न सक्ने क्षमता अत्याधिक हुन्छ । जसले जति बढी भाषा सिक्न सक्यो, उसको भाषिक योग्यतामा त्यति नै वृद्धि हुन्छ ।

तसर्थ कक्षा १ देखी नै स्थानिय भाषाका पुस्तकहरु पढाउन सकियो भने पक्कै पनि स्थानिय भाषाको विकास तथा सम्बर्द्धनमा ठेवा पुग्ने विश्वास ब्यक्त गर्न सकिन्छन् ।

# तीन महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ३१

## मामा घर आएकी बालिकाले गरिन आत्महत्या

**राजबिराज**/सप्तरीको महादेवा गाउँपालिका ३ बलिया बथनाहाकी १३ वर्षिया बालिकाले बिषादी सेबन गरेर आत्महत्या गरेकी छिन् । यो सँगै जिल्लामा तीन महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ३१ पुगेको छ ।

सप्तरी जिल्लामा आत्महत्याका घटना भयावह बन्दै गएको छ । गत आईतबार एकै दिन दुई महिलासहित तीन जनाले झुण्डिएर आत्महत्या गरेका थिए भने आत्महत्याको प्रयास गरेकी अर्की एक महिलाको उपचार भइरहेको छ ।

यसैबीच मामा घर आएकी प्रिति कुमारी यादवले मंगलबार मुसा मार्ने विषादी सेवन गरेर आत्महत्या गरेको प्रहरीले जनाएको छ । बिषादी सेबनबाट गम्भिर बिरामी परेकी उनको उपचारको क्रममा बुधबार धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको हो ।

प्रहरीका अनुसार सप्तरीकै तिरहुत गाउँपालिका ४ डिमनमा मामा घर आएको बेला उनले मुसा मार्न प्रयोग गरिने विषादी सेवन गरेकी थिइन् । विषादी सेवन पश्चात् सिकिस्त भएकी उनलाई सुरुमा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना गरिएकोमा स्वास्थ्य अवस्थामा सुधार नदेखिएपछि थप उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ९० पुगेको छ । गत आ.ब. २०७८/७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

आत्महत्याको दर बढ्ने क्रम जारी रहदा स्थानीय समाज र प्रशासनले विभिन्न प्रयास थालेपनि न्यूनिकरण हुन भने सकेको छैन । प्रहरीले बिगत तीन महिना यता आत्महत्या घट्ना न्युनिकरणका लागी बिभिन्न पालिकामा सचेतना अभियान नै चलाएको छ । तर, पनि आत्महत्याका घटना दिनहुँजसो हुन थालेपछि यो बिषय सबैको लागी टाउको दुखाई बनेको छ ।

बिभिन्न घरायसी समस्या, श्रीमान श्रीमतीबीच बादबिबाद, ऋणमा डुबेको, प्रेममा असफल, व्यापार घाटा, बेराजगारी लगायत अन्य बिभिन्न समस्यासँग संघर्ष गर्न नसकि बाध्य भई आत्महत्याको बाटो रोज्नु परेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

## विशेष सहुलियत ब्यवस्था हुनुपर्ने हरवा चरवाको माग

**राजबिराज**/हरवा चरवाका लागि आउँदो बजेटमा विशेष सहुलियत ब्यवस्था हुनुपर्ने माग गरिएको छ ।

जनचेतना दलित संगम सप्तरीले बुधबार राजविराजमा आयोजना गरेको "राज्यद्वारा प्रदान गरिने सेवा सुविधामा हरवा चरवा र दलितको पहुँच" विषयक विचार गोष्ठिमा बोल्दै उनीहरुले सो माग गरेका हुन् ।

राष्ट्रिय हरवा चरवा मञ्चका अध्यक्ष दशन मण्डलले तीन पुस्तासम्म गिरहत कहाँ बसेर काम गर्दा पनि ऋणबाट मुक्त हुन नसकेको र ९ महिनाअघि सरकारले गरेको बाचा अहिलेसम्म पुरा नगर्दा हरवा चरवाको जिवन थप कष्टकर बन्दै गएको बताए ।

दलित अगुवा चन्देश्वरीदेवी सदाले सरकारले ध्यान नदिदा हरवा चरवाहरु गरिबी र ऋणको दुस्चक्रमा फस्दै गएको बताइन् । राष्ट्रिय भूमि अधिकार मञ्चका सदस्य शिवकुमार पासवानले मुलुकमा आएको परिवर्तनले पनि आफुहरु जस्ता विपन्नलाई छुन नसकेको भन्दै अधिकांश करवा चरवाहरु भूमिहीन अवस्थामा रहेको पीडा ब्यक्त गरे ।

कार्यक्रममा प्रमुख अतिथि प्रदेशसभा सदस्य गोबिन्द न्यौपाने, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, राष्ट्रिय भूमि आयोग सप्तरीका अध्यक्ष हरेराम यादवले पनि बोल्दै आफूहरु हरवा चरवाको समस्या बारे पूर्ण जानकार रहेको बताए । उनीहरुले हरवा चरवाको समस्या समाधानका लागि आ-आफ्नो स्थानबाट सक्दो सहयोग र पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका अध्यक्ष दशन मण्डल, महासचिव लागेन्द्र सदा, हरवा चरवा मञ्चका जिल्ला अध्यक्ष गंगाराम, राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष शिवकुमार पासवान, कानुन ब्यवसायी केशरलाल खंग, जनचेतना दलित संगमका अध्यक्ष रामलखन राम, कार्यकारी निर्देशक इन्द्र प्रसाद राम, दलित अगुवा शोभितलाल राम, चन्देश्वरी देवी सदा लगायतले कार्यक्रममा बोल्दै पुस्तौदेखी गरिबीमा पिल्सिएको तथा एलानी जग्गामा बासेबास गर्दै आएका हरवा चरवा कुनै बेला पनि उठिबास हुन सक्ने चिन्ता र त्रासमा बाचिरहेपनि सरकारले अहिलेसम्म आश्वासन बाहेक केही नदिएको गुनासो पोखे ।

कार्यक्रममा दलित अगुवा एवं पत्रकार मणिलाल बिश्वकर्माले हरवा चरवाको समस्या समाधान तथा हकअधिकारका लागि तयार पारिएको माग र भावी आन्दोलन कार्यक्रमसहितको कार्ययोजना पत्र प्रस्तुत गरेका थिए । कार्ययोजना पत्रमा आगामी आर्थिक बर्ष २०८०/८१ को नीति कार्यक्रम र बजेटमा हरवा चरवाको पक्षमा बिशेष कार्यक्रम ल्याउन प्रमुखताका साथ सरकारसँग माग गरिएको छ ।

## राष्ट्रिय पत्रकारिता पुरस्कारबाट महासंघकी उपाध्यक्ष सम्मानित

**राजबिराज**/राष्ट्रिय पत्रकारिता पुरस्कारबाट नेपाल पत्रकार महासंघ सप्तरीकी उपाध्यक्ष अम्बिका दाहालसहित ६ जना पत्रकारलाई सम्मान गरिएको छ ।

सम्मानित हुनेहरुमा पत्रकार अम्बिका दाहाल, अनिता बिन्दु, गणेश लम्साल, गम्भीरा सहनी, रामकृष्ण ज्ञवाली र लक्ष्मी आचार्य छन् ।

आठौं राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा गत आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजनामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र सञ्चार मन्त्री रेखा शर्माद्वारा वरिष्ठ पत्रकार सम्मानबाट पत्रकार राजेन्द्र दाहाल र बलराम थापा सम्मानित भएका हुन् ।

पुरस्कृत पत्रकार राजेन्द्र दाहालले आमसञ्चार तथा पत्रकारितासम्बन्धी अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने संस्थाको स्थापना गर्न सरकारको ध्यानआर्कषण गराए ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष बिपुल पोखरेलले आमसञ्चार तथा पत्रकारितामा आवश्यक लगानी र नीति बनाउनतर्फ सरकारको ध्यानआर्कषण गराए ।

मन्त्रालयले निष्पक्ष, उत्तरदायी, खोजमूलक र विश्लेषनात्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएको भन्दै उनीहरुलाई सम्मान गरेको हो ।

वरिष्ठ पत्रकारबाट सम्मानित हुनेलाई कदरपत्रसहित दुई लाख र राष्ट्रिय पत्रकारिता पुरस्कारबाट पुरस्कृतलाई कदरपत्रसहित एक लाख प्रदान गरिएको छ ।

## वातावरण संरक्षण गर्न माग गर्दै प्रदर्शन

**राजबिराज**/सप्तरीको शम्भुनाथ नगरपालिका ६ र ७ मा फोहोर र प्रदूषण अन्त्य गर्न तथा बातावरण संरक्षण गर्न माग गर्दै बृहत प्रदर्शन गरिएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र कायापलटद्वारा आयोजित उक्त प्रदर्शनमा अधिकारकर्मी, युवा, विद्याथीहरूको सहभागिता रहेको थियो ।

कठौनास्थित राजमार्ग, बुद्ध चोक, तिनकुने चौकमा प्ले कार्डसहित जुलुस प्रदर्शन गर्दै युवाहरूले "प्लाष्टिक म्यान क्याम्पियन"को आयोजना गरेको छ ।

जुलुसमा सहभागीहरूले पृथ्वीको संरक्षण गरौं, भविष्य जोगाऔं, प्लाष्टिक प्रयोग नगरौ, जथाभावी फोहोर नफालौ, हरित गृह ग्यास उत्सर्जन बन्द गरौ, वायु प्रदूषण अन्त्य गरौलगायतका नारा लेखिएका प्ले कार्ड बोकेका थिए ।

बाँकी पाँच पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# ओलीदेखि रविसम्म लोकप्रियतावादको दलदलमा



केशव खतिवडा

अमेरिकी राजनीतिक वैज्ञानिक तथा राजनीतिक अर्थशास्त्री फ्रान्सिस फुकुयामाका अनुसार लोकप्रियतावाद एउटा राजनीतिक समस्या हो । मूलतः कुनै खास क्षेत्रमा विशेष चर्चामा आएका स्वघोषित बौद्धिक व्यक्तिहरू त्यही चर्चा र परिचयको नकाब लगाएर राजनीतिमा प्रवेश गर्ने प्रवृत्तिलाई लोकप्रियतावाद भनिन्छ ।

लोकप्रियतावादीले आफूलाई चमत्कारी नेतृत्व भएको र संस्थाभन्दा माथि भएको ठान्छन् । सर्वज्ञान सम्पन्न र त्रिकालदर्शी भएको अनुभूति गर्छन् । पुराना नेतृत्व, दल, विचार, राज्यव्यवस्था, शासन संन्यन्त्र र सम्पूर्ण संरचनाको जोडदार विरोध गर्छन् । दुनियाँको नक्कल गर्न र संसारमा चलेको राजनीतिक हावासँग कावा खाँदै सूचना र प्रविधिको माध्यमद्वारा आफूलाई जनस्तरसम्म पुऱ्याउन माहिर हुन्छन् । जुन प्रश्नको जवाफ उनीहरूसँग हुँदैन, त्यसमै हजारौं जवाफ दिन्छन् । जुन विषयवस्तुका बारेमा ज्ञान छैन, त्यसको बारेमा सप्ताह पुराणसरह व्याख्या गर्छन् । जनअसन्तुष्टिलाई नाराको रूपमा उठाउन र निर्वाचनमा भोटमा भजाउन माहिर हुन्छन् ।

मूलतः मुलुकमा क्रियाशील रहेका राजनीतिक दलहरू असक्षम र असफल हुँदै जानु डेलिभरी गर्न नसक्नु र जनतामा तीव्र परिवर्तनको चाहना हुनुले लोकप्रियतावादको जन्म हुन्छ ।

लोकप्रियतावाद उदारवादले भित्र्याएको एउटा राजनीतिक विसङ्गति हो । यसले नारा रोप्दछ, नारा उमार्छ, नारा फलाउँछ, तर जनतालाई बाँड्ने बेलामा नाराको विश्वसनीयता समाप्त भई धोकामा परिणत भइसकेको हुन्छ । नेतृत्वलाई देवत्वकरण गर्छन्, जब सत्तामा पुग्छन् तब सत्तामा टिकिरहनका लागि निरंकुश बन्दै जान्छन् ।

लोकप्रियतावादलाई कसरी चिन्ने, संसारमा लोकप्रियतावादले कसरी र कस्तो रूपमा जन्म लिइएको छ, यसका साझा चरित्र, विशेषता र प्रवृत्ति कस्ता हुन्छन् ? लोकप्रियतावादको विश्वव्यापी जन्मकुण्डलीलाई अर्थ-राजनीतिक तथा समाजशास्त्रीय दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ । मुलुकमा क्रियाशील राजनीतिक दलहरू असक्षम र कमजोर बन्दै जानु, जनविश्वास गुमाउनु, गरिबी, बेरोजगारी, दण्डहीनता, भ्रष्टाचार जस्ता कारणले मुलुक आक्रान्त बन्दै जानु र यस्ता विकृति र विसंगतिबाट मुक्तिका लागि जनतामा तीव्र परिवर्तनको चाहना हुनु नै लोकप्रियतावादको जन्मको मूल कारण हो ।

जर्ज बर्नाड साले भनेका थिए- संसारको सबभन्दा महŒवपूर्ण सुनौलो नियम के हो भने संसारमा कुनै सुनौलो नियम छैन । लोकप्रियतावाद पनि नामको लोकप्रियतावाद हो ऊसँग कुनै स्पष्ट राजनीतिक विचारधारा हुँदैन, विश्व दृष्टिकोण हुँदैन । संगठनात्मक पद्धति, मूल्य-मान्यता हुँदैन । आफूलाई ओजस्वी ठान्ने सेलिब्रेटी नेतृत्व हाबी रहन्छ । उनीहरुमा सामूहिक नेतृत्व प्रणाली नहुने हुँदा राजनीतिक उत्तराधिकारी हुँदैन । सेलिब्रेटी व्यक्तिहरू आकस्मिक रूपमा राजनीतिमा आउने हुँदा ऐतिहासिक राजनीतिक लिगेसी हुँदैन, 'इजी कम इजी गो' भनेजस्तो मात्र हुन्छ ।

लोकप्रियतावादमा सेलिब्रेटीहरूको बाहुल्य हुने हुँदा आफूलाई विलक्षण प्रतिभाको प्रतिमूर्ति भएको दाबी गर्छन् । सार्वजनिक सूचनामा विशेष पहुँच राख्छन् । सूचना र प्रविधिमैत्री हुने भएकाले सामाजिक सञ्जालको भरपूर प्रयोग गरी ई-अर्गनाइजेसनको सञ्जाल बनाउँछन् । हरेक विषयवस्तुलाई रंगीन, नाटकीय र कलात्मक ढंगले प्रस्तुत गर्न सक्छन् । कुनै पनि विचार दृष्टिकोणले लेस नभएका मतदातालाई भड्काबपूर्ण परिचालनमार्फत उनीहरूको ब्रेन-वास गर्दै आफूलाई देवत्वकरण गर्न सफल हुन्छन् । सबैको विरोध गर्ने र सुन्दर काल्पनिक नारामा समाज बहकाउने गर्छन् । राजनीतिक सिद्धान्त र दृष्टिकोण उनीहरूसँग नहुने हुँदा स्पष्ट रूपमा सामाजिक तथा वर्गीय पक्षधरता हुँदैन । समाजमा जुन वर्गको बाहुल्य छ जो यथास्थिति तथा पुराना दलसँग सन्तुष्ट छैनन्, आफूलाई त्यही वर्गको पक्षधर भएको घोषणा गर्छन् ।

आधुनिक युगमा नवउदारवादको विकृतिका रूपमा लोकप्रियतावादको जन्म हुने गरेको हुँदा उनीहरूको अघोषित पक्षधरता मध्यम वर्ग र पुँजीपति वर्ग नै रहेको पाइन्छ । राजनीतिक सिद्धान्त र संगठनात्मक मूल्य-मान्यताबेगरको राजनीतिक परियोजना भएको हुँदा यसको दीर्घजीवन तथा स्थायित्व हुँदैन । एक-अर्काको अस्तित्वलाई स्वीकार नगर्ने प्रवृत्तिले गर्दा तीव्र अन्तर्विरोध रहन्छ । सत्ता र शक्तिमुखी रहने प्रवृत्ति सर्वथा हाबी रहन्छ । मुलुकको आधारभूत समस्याको पहिचान र उठान गर्नुको सट्टा सतही मुद्दालाई भाइरल बनाइन्छ ।

समकालीन विश्वमा लोकप्रियतावादीहरू विभिन्न किसिमका पाइन्छन् । जस्ता सवाल उठाउँदा बढी मानिसको समर्थन प्राप्त गर्न सकिन्छ, त्यही सवाल उठाउने प्रवृत्ति रहेको देखिन्छ । अन्तर्राष्ट्रिय जगतलाई नै प्रतिनिधित्व गर्ने चर्चित लोकप्रियतावादीमा अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिन पिङ, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पर्छन् । जसले अति राष्ट्रवादको भावनामा खेल्न सफल भए ।

आप्रवासी कामदारलाई नियन्त्रण गरी स्वदेशी मजदुरमैत्री नीति अपनाउने, आप्रवासन र शरणार्थीका माध्यमबाट अमेरिकामा आतङ्कवाद र लागुऔषधको कारोबार भित्रिएको हुँदा त्यसलाई नियन्त्रण गर्ने, छिमेकी राष्ट्र मेक्सिकोबाट गैरकानुनी घुसपैठ हुने भएको हुँदा अमेरिका र मेक्सिकोको बीचमा पक्का पर्खाल लगाउनेजस्ता लोकप्रिय नारा र धनबलको भरमा ट्रम्प राष्ट्रपतिमा विजयी भए । उनको कार्यकालमा उल्लेखनीय परिणाम प्राप्त भएन । बरु अमेरिकी इतिहासमा पहिलोपल्ट उनले आफ्नो कार्यकालमा दुईपल्ट महाअभियोग प्रस्तावको सामना गर्नुपऱ्यो । हाल सेक्स स्कान्डलमा अदालती कारबाहीको सामना गरिरहेका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन सन् १९१२ देखि लोकप्रिय नाराको सहारामा रुसी सत्तामा रहेका छन् । रुसलाई पुनः विश्व शक्तिका रूपमा स्थापित गर्ने, पुनः एकीकरणको प्रयास गर्ने, नत्र केही क्षेत्र गाभ्ने र नयाँ रुसी साम्राज्य स्थापना गर्नेजस्ता रुसी जनताको भावनामा खेल्न सकिने नारा उठाएर उनी सत्तामा पुगे । सत्तामा टिकिरहनका लागि दोस्रो निरंकुश स्टालिन बन्दै गए । पछिल्लो समयमा विशेष कारबाहीका नाममा युक्रेनमाथि हमला गरे । भनिन्छ, नागरिकलाई रोटी र स्वतन्त्रतामध्ये कुनै एक रोजाउन हुँदैन, दुवै आवश्यक हुन्छन् ।

चीनमा माओत्सेतुङले सञ्चालन गरेको जनवादी कृषिक्रान्ति र देङ साओपिङले सुरु गरेको नियन्त्रित उदारीकरणलाई फ्युजन गरेर सी जिन पिङले परिवर्तित विश्व सन्दर्भलाई समेट्ने चौधबुँदे आफ्ना विचार समावेश गरी चिनियाँ विशेषतामा आधारित समाजवादको नामाकरण गर्दै आफूमा सम्पूर्ण राजकीय शक्ति केन्द्रित गरी लोकप्रियताको नाममा चिनियाँ संविधानमा दुईपल्ट मात्र राष्ट्रपति हुने प्रावधानलाई संशोधन गरी पुनः राष्ट्रपति आफैं बन्दै जाने व्यवस्था कायम गरी निरंकुश बन्दै गएका छन्, तर राजनीतिक स्वतन्त्रता दिन चाहेनन् । विश्वव्यापी रूपमा चलेको समुन्नत लोकतन्त्रको लहरबाट चीन अछुतो छ । राजनीतिक स्वतन्त्रताका लागि चीनमा जनमत संग्रह हुने हो भने दुईतिहाइभन्दा बढी जनमत राजनीतिक स्वतन्त्रताको पक्षमा जाहेर हुने सजिलै अनुमान गर्न सकिन्छ ।

भारतमा सन् १९८० मा स्थापना भएको भारतीय जनता पार्टीले गान्धी परिवारवादको चंगुलमा फसेको कांग्रस आईका विरुद्धको जनभावनामा खेल्दै राष्ट्रवाद, मानवतावाद, हिन्दूवादको नारा र नरेन्द्र मोदीको वाक्पटुताले गर्दा भाजपाले मोदीको नेतृत्वमा संघीय सरकारको नेतृत्व गरिरहेको छ ।

मोदी पार्टी अध्यक्ष जगत प्रकाश नड्डालाई समेत ओझेलमा पार्दै पार्टीका तर्फबाट दोस्रोपटक प्रधानमन्त्री बन्न सफल भए । सत्तामा टिक्न र पुनः जित्नका लागि क्रमशः निरंकुश बन्दै गएका छन् ।

नेपालमा नेकपा एमालेको नेतृत्वमा केपी ओलीको उदय भएपश्चात् एउटा लक्ष्य, उद्देश्य, सिद्धान्त, संगठनात्मक स्वरूप, ऐतिहासिक राजनीतिक विरासत बोकेको पार्टी क्रमशः लोकप्रियतावादको दलदलमा फस्दै गएको छ । ओलीको एकल नेतृत्व हाबी भएसँगै पार्टीमा संगठनात्मक पद्धति र सामूहिक नेतृत्व क्रमशः समाप्त हुँदै गयो । उनले अवसरवादी र द्वैध चरित्र देखाउन थाले । सत्ताबाहिर बस्न नसक्नु, अरुको अस्तित्वलाई स्वीकार नगर्नु, हुँदाहुँदा प्रत्येक नागरिकको चुलोमा ग्यास पाइप पुऱ्याउँछु भन्नु, हुँदै नभएको पानी जहाजको टिकट काट्नु, बजेटको सुनिश्चतता नभई एकैपटक ठूलो संख्यामा भर्चुअल विधिद्वारा लज्जास्पद ढंगले सडक र अस्पतालको शिलान्यास गर्नु जस्ता गतिविधि पनि लोकप्रियतावादमा फस्दै गएको संकेत थिए ।

मधेसको विद्रोही भावनाको गर्भबाट जन्मिएको र पहिचानको चिराग बोक्ने उद्घोष गर्ने उपेन्द्र यादवको अक्षयतामा गठन भएको जनता समाजवादी पार्टी यस्तै लोकप्रियताको खोल ओडेर नेपाली राजनीतिमा उदायो । उपेन्द्र यादवले मधेस आन्दोलन र पहिचानको मुद्दालाई नेतृत्व गर्न नसकेको हुँदा सोका लागि सच्चा मधेसवादी र पहिचानवादी पार्टीको दाबी गर्दै सिके राउत जनमत पार्टीको साथ नेपाली राजनीतिमा उदय भयो । पश्चिम नेपालमा थारु आन्दोलनको जगमा नागरिक उन्मुक्ति पार्टीको जन्म भयो, तर तीनवटै दलहरू सत्ता भागबन्डामा सहभागी हुँदै आफ्ना सबै नाराहरूलाई फगत नारामा सीमित राख्दै लोकप्रियतावादको एउटा अंश भएको आफूलाई प्रमाणित गरे ।

बिबिसी नेपाली सेवाको निर्देशकको पहिचानबाट नेपाली राजनीतिमा होमिएका रवीन्द्र मिश्रले साझा, विवेकशील पार्टी हुँदै हाल राष्ट्रिय प्रजातन्त्र पार्टीमा प्रवेश गरी गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको खारेजीको अभियानमा सरिक हुन पुगेका छन् ।

२०७९ असार ७ गते रवि लामिछानेको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टीको गठन भयो । टेलिभिजन कार्यक्रमको आक्रामक प्रस्तोताको पहिचान बनाएका रवि लामिछानेले पुराना दल, नेता, राजनीतिक संस्कृति र भ्रष्टाचारजस्ता विषयलाई आक्रामक रूपमा उठाएर 'जान्नेलाई छान्ने, बाहरू घर बस' भन्ने नाराका साथ निर्वाचनमा होमिए । खासगरी युवा र पुराना दलबाट निराश भएका मतदाताहरूको भारी समर्थन प्राप्त गरे । सम्मानजनक मत र राष्ट्रिय पार्टीको हैसियतका साथ संसदमा प्रवेश गरे, तर जान्ने भनी छानेका रवि लामिछानेले नजानेका कारण नागरिकता मुद्दामा उनको सांसद पद गयो ।

जता सत्ता उतै समर्थन तथा सहभागिता भने जस्तै एमालेको समर्थनमा बनेको प्रचण्डको सरकारलाई पनि समर्थन गर्ने, कांग्रेसको समर्थनमा बनेको प्रचण्ड सरकारलाई पनि समर्थन गर्ने, फेरि बिनाकारण समर्थन फिर्ता लिने, उही पुराना र बाहरूको फेर पक्रनेजस्ता गतिविधिले रविको बोलाइ र गराइमा संगति देखिएन । उपनिर्वाचनद्वारा पुनः भारी मतान्तरका साथ विजय हासिल गर्दै हिरोइजम् शैलीमा संसदमा प्रवेश गरेका छन् । लोकप्रियतावादको कसीमा घोट्दा रास्वपा पनि उस्तै-उस्तै देखिएको छ । अन्ततः लोकप्रियतावादको पर्दा पछाडि विश्वासघात र धोका शिवाय केही नहुने हुँदा बेलैमा सावधान हुन उपयुक्त देखिन्छ । रातोपाटीबाट


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईंकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# नक्कली शरणार्थी प्रकरणमा हामी नागरिक



सञ्जीव पोखरेल

गत आम निर्वाचनका क्रममा माधव नेपाल र आरजु राणा देउवाले नेपाली नागरिकलाई कामदारका रूपमा विदेश काम गर्न पठाउन सहयोग गर्ने प्रतिबद्धता दिँदै गरेको भिडिओ क्लिप सार्वजनिक भएको थियो ।

आफ्नै देशका नागरिकलाई विदेश काम गर्न पठाउनमा सहजीकरण गर्ने राजनीतिकर्मीको जति आलोचना गरे पनि कम हुन्छ । नेपालको राजनीतिमा महत्त्वपूर्ण भूमिकामा रहेका दुई राजनीतिकर्मीका ती अभिव्यक्ति राजनीतिक पार्टीका नेताले आमनागरिकका बारेमा कस्तो सोच राख्ने रहेछन् भन्ने कुराको उदाहरण थियो ।

तर अहिले नागरिकलाई विदेशी कामदार बनाउने षड्यन्त्रमा राजनीतिक दलको भूमिकाको त्योभन्दा पनि ठूलो र आपत्तिजनक प्रकरण सार्वजनिक भएको छ ।

अहिले चर्चामा रहेको नक्कली शरणार्थी प्रकरण सानोतिनो र सधैं सुनिने गरेको जस्तै अर्को आर्थिक भ्रष्टाचारको प्रकरणमा मात्र होइन । यो प्रकरणको पर्दाफासले राज्यले नागरिकलाई दाससरह बेचविखन गर्ने र यस क्रममा उनीहरूबाट षड्यन्त्रपूर्वक पैसा असुल गरेको दुखद यथार्थ हाम्रोसामु राखिदिएको छ ।

मलाई लाग्छ यो यथार्थ नेपालको क्षयीकरण र असफलताको एउटा ठूलो र दुखद संकेत हो । यो प्रकरणको छानबिन र कारबाहीले कस्तो मोड लिन्छ भन्ने कुराले एउटा राष्ट्रका रूपमा नेपालको भविष्य कस्तो हुनेछ भन्ने कुरा प्रस्ट पार्नेछ ।

कांग्रेस, माओवादी र एमालेका वरिष्ठ तहका नेताको संलग्नता भएको यो घोटाला प्रकरणमा नेपालमा राजनीतिक दल कसरी चलेका छन् र राजनीतिकर्मीको आचरण कस्तो छ भन्ने कुराको सटिक प्रमाण हो । राजनीतिक दल र तिनका नेता खुलेआम भ्रष्टाचारमा संलग्न छन् । भ्रष्टाचारमा व्यक्तिमा मात्र सीमित छैन, प्रवृत्तिका रूपमा स्थापित भएको छ ।

उदाहरणका लागि चुनाव जसरी भइरहेका छन्, सरकार बनाउन र गिराउन जस्तो रस्साकस्सी हुने गरेको छ, संवैधानिक निकाय र अंगहरूमा जसरी मानिसहरू नियुक्त हुने गरेका छन्, यी सबैमा भ्रष्टाचार र लेनदेन लगभग खुलमखुला हुने गरेको छ । दलीय व्यवस्थालाई नै समाप्त पार्ने जालोका रूपमा भ्रष्टाचार झाँगिएको छ ।

त्यसैले भ्रष्टाचारको यो प्रकरणमा जे जति मानिस प्रत्यक्ष रूपमा संलग्न छन्, ती त सजायको भागी छँदैछन्, तिनीहरूलाई संरक्षण गर्ने र भ्रष्टाचारको सम्पत्तिमा भाग लिने पर्दापछाडिका मानिसलाई कसरी सजायको भागी बनाउने?

दलहरूको शुद्धीकरणको मुद्दासँग यो प्रश्न मुख्य रूपमा जोडिएको छ ।

फरक फरक परिवेशमा सम्पन्न २०४६ सालको राजनीतिक परिवर्तन र २०६२-६३ को राजनीतिक आन्दोलनले नेपालको शान्ति र समृद्धिको आधारशिला निर्माण गरेका हुन् । ती आन्दोलनमा आम जनताका सुखद सपना समाहित थिए । देश कस्तो बनाउने र नागरिकको स्थान कस्तो हुने भन्नेबारे ती आन्दोलनका उपलब्धिले स्पष्ट रूपमा बोलेका छन् ।

तर जब आन्दोलनका ती उपलब्धि राजनीतिक दलका पोल्टामा गए, तिनको अपमान गर्ने क्रम सुरू भयो । राजनीतिक दलले पनि राजतन्त्रले जस्तै जनतालाई रैतिको दर्जामा सीमित गर्न चाहे । लोकतन्त्रको ठाउँमा दलतन्त्र हावी भयो । दलहरू सामाजिक-आर्थिक रूपान्तरणको साटो सत्ता र शक्तिको प्रतिस्पर्धामा संलग्न भए । यसबाट राजनीतिक द्वन्द्व चुलिएर गयो र यही द्वन्द्व समय क्रममा सशस्त्र द्वन्द्वमा रूपान्तरण भयो । नक्कली शरणार्थी बनाउने भ्रष्टाचार प्रकरण आज जसरी सतहमा आएको छ, यो त्यही दलतन्त्रको दुखद विकासको विकृत परिणाम हो ।

देशको एउटा ठूलो जमात र विशेष गरी युवा पुस्ता आज 'पुराना' राजनीतिक पार्टीहरूप्रति असन्तुष्ट छ । असन्तुष्ट मात्र होइन, आक्रोशित छ । यसको कारण कांग्रेस, एमाले वा माओवादीलाई थाहा नभएको होइन । जनताको बुझाइ र जनमतलाई जसरी पनि आफ्नो पक्षमा पार्न सकिन्छ भन्ने उनीहरूको आत्मविश्वासले दशकौंदेखि उनीहरूलाई बेपरवाह हुन सिकाएको छ । यसकारण दण्डहिनता चुलिएको छ । सत्ता र शक्तिको आडमा गरिने जस्तासुकै अपराध वा भ्रष्टाचार सजिलै ढाकछोप हुन सक्छ भन्ने बुझाइ स्थापित भएकाले दलहरू असीमित रूपमा अपारदर्शी र भ्रष्ट बनेका छन् ।

अहिलेका गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि एउटा भ्रष्ट र अपारदर्शी राजनीतिक पार्टी र त्यसको नेतृत्वसँग जोडिएका छन् । अहिले नै उनको तटस्थता वा इमानदारितामा पूरा भरोसा गर्न सकिँदैन । तैपनि नक्कली शरणार्थी प्रकरणमा उनको नेतृत्वमा भइरहेको छानबिन र सुरूआती कारबाही प्रशंसायोग्य छ । यो भने हेर्न बाँकी छ– के उनी निष्पक्ष छानबिन र उपयुक्त कानुनी कारबाही पूरा गर्ने गृहमन्त्रीको भूमिकामा यसै गरी अडिग रहन सक्लान् ?

जघन्य भ्रष्टाचारको यो प्रकरणको उठान जसरी नाटकीय र उत्साहजनक रूपमा भएको छ, बैठान त्यति नै नाटकीय तर दुखद हुने सम्भावना छ । राजनीतिक पार्टीमा मात्र भर परेर यस प्रकरणमा मुछिएका सबै जना कानुनअनुसार कारबाहीको भागी होलान् भनेर अपेक्षा गर्न सकिँदैन ।

नेपालका ठूला भनिएका अहिलेका प्रमुख दलका नेता केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल भ्रष्टाचारका संरक्षक र लाभग्राही हुन् । केही दशकयता जति पनि ठूलासाना भ्रष्टाचारका प्रकरण सार्वजनिक भएका छन्, ती उनीहरूको संरक्षणमा भएकामा कुनै शंका छैन । अहिलेको नक्कली शरणार्थीको प्रकरणमा उनीहरूको प्रत्यक्ष वा परोक्ष संलग्नता, साथ वा सहानुभूति नहोला भनेर यकिन गर्न सकिँदैन ।

नक्कली शरणार्थी बनाउने प्रकरणमा संलग्न मानिसको छानबिनमा पनि उनीहरूको प्रत्यक्ष-परोक्ष प्रभाव हुने नै छ । यसको उदाहरण विगतमा पनि नदेखिएको होइन । विष्णु पौडेल, गोकुल बास्कोटा, कृष्णबहादुर महरा वा विजय गच्छदार खुलमखुला राजनीति गरेर र वरिष्ठ नेता बनेर हिँडिरहेका छन् । अहिलेको प्रकरणमा मुछिएकालाई पनि सरकारले नियोजित रूपमा मुद्दा कमजोर बनाइदिने र पौडेल र बास्कोटालाई झैं नेता विशेषले निर्दोषिताको प्रमाण-पत्र थमाइदिने सम्भावना ठूलो छ ।

त्यसैले यो प्रकरणको स्वतन्त्र र निष्पक्ष छानबिनका लागि नागरिक समाजको भूमिका अत्यन्त आवश्यक छ । नागरिकको आवाज सशक्त भए मात्र छानबिनले नैतिक बाटो समात्ने छ । घोटालामा संलग्न सबैलाई निष्पक्ष कानुनी कारबाहीको माग गर्दै भइरहेको नागरिक आन्दोलन यसकारण उचित र स्वागतयोग्य छ ।

नक्कली शरणार्थी बनाउने यो प्रकरणको बैठान सही र कानुनसम्मत गर्न सके पुराना राजनीतिक दलहरूले आफ्नो शिर उठाउने मौका पाउनेछन् । पुराना पार्टीसँग चुलिएको असन्तुष्टि सम्बोधन गर्ने असाधारण मौका हो यो । यो मौका गुमाउने हो भने 'पुराना' राजनीतिक दलको अस्तित्व समाप्त भएर जाने खतरा छ ।

यो प्रकरणले एउटा अर्को यथार्थ उजागर गरेको छ–त्यो हो राजनीतिक-सामाजिक मुद्दामा मिडियाको भूमिका ।

स्वतन्त्र मिडियालाई स्थिरता र उन्नतिको अवरोध ठान्ने र जनताको दुस्मनका रूपमा चित्रित गर्ने प्रवृत्ति आजभोलि विभिन्न लोकतान्त्रिक देशमा फैलिएको छ । नेपालका सन्दर्भमा विशेष गरी एमाले, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीका नेता-कार्यकर्ता र तिनका समर्थक नेपालको मिडियालाई एकपक्षीय, नियोजित र स्वार्थ समूहको गोटीका रूपमा चित्रित गर्न तथा त्यसमा आबद्ध पत्रकारलाई बदनाम गर्न उद्यत छन् ।

अहिलेको प्रकरणमा नेपाली मिडियाको जुन भूमिका देखिएको छ, यो नेपालको मिडिया सबल र स्वतन्त्र रहेको एउटा बलियो प्रमाण हो ।

मिडियालाई पनि खबरदारी त चाहिन्छ नै, त्यो खबरदारी गर्ने काम नागरिक समाजको हो ।

यो प्रकरणलाई निरन्तर पछ्याइरहन र सरकारको खबरदारी गर्न मिडिया र समग्र नागरिक समाजको पहल कदमीमा कमी नआओस् । शुभकामना !

सेतोपाटीबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

# भुटानी शरणार्थी बनाएर तेश्रो मुलुक पठाउने कार्यमा संलग्नलाई कारवाहीको माग

**राजविराज**/भुटानी शरणार्थी बनाएर तेश्रो मुलुक पठाउने कार्यमा संलग्न जो सुकैलाई पनि कारवाहीको माग गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

जिल्ला अध्यक्ष उम्मदेश्वर प्रसाद साह तथा केन्द्रीय सदस्य जया महतो लगायतको अगुवाईमा प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापामार्फत प्रधानमन्त्रीलाई पठाइएको ज्ञापन पत्रमा शरणार्थीको नाममा मानव तस्करीमा लागेका सूत्रधारहरुमाथी सूक्ष्म अनुसन्धान तथा कानुन बमोजिम कडा कारवाही हुनु पर्ने माँग गरिएको छ ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर तेश्रो देश पठाई पैसा असुल्ने गिरोह र त्यसमा संलग्नताको आरोप लागेका राज्यधिकारी एवं राजनीतिकर्मी माथी छानवीन गरी दोषि पाइएकालाई कडा कारवाही गर्नु पर्ने माग गर्दै शुक्रवार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाएको हो ।

देशको अन्तराष्ट्रिय छवी नै धमिलो हुने गरी नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउन संगठित रुपमा राज्य शक्तीको दुरुपयोग प्रकरणले सारा नेपालीलाई अन्तराष्ट्रिय जगतमा शिर निहुराउने अवस्थामा पुऱ्याएको ज्ञापन पत्रमा उल्लेख छ ।

यस्तो राष्ट्रघाती र देशद्रोही कार्यमा सरिक जुनसुकै तहका व्यक्ती भएपनि कानूनी दायरामा ल्याई कडा कारवाही हुनु पर्ने ज्ञापन पत्र मार्फत माँग गरिएको छ । ज्ञापन पत्रमा यस अघि भएका ठूलठूला भ्रष्टाचार काण्डका फायलहरु खोली अनुसन्धान थाल्न तथा २०४६ पछिका सबै उच्चपदस्थ नेता र कर्मचारीको सम्पत्ती छानवीन गरि अबैध सम्पती जफत गर्नु पर्ने माँग समेत गरिएको छ ।

अनुसन्धानको क्रममा निर्दोष व्यक्ती पक्राउ पर्नू हुन्न, तर अनुसन्धानको क्रममा दोषी देखिएकाहरु उपर कुनै दवावमा नपरी सख्त सजाय हुने गरी सम्भव भए सम्मका मुद्दा दायर गरिनु पर्ने ज्ञापन पत्रमा मार्फत माँग गरिएको छ ।

ज्ञापन पत्रमा उक्त अपराध जालोको प्रमुख योजनाकारहरु सम्मै पुगेर राज्य प्रशासनले संलग्न सबैलाई कारवाहीको दायरामा नल्याए सदनदेखि सडकसम्म आन्दोलन चर्काउने चेतावनी समेत दिइएको छ ।

# विभिन्न दुर्घटनामा चार जना घाइते

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ स्थित हनुमाननगर भारदह सडक खण्डमा ट्याक्टरले साइकलमा सवार एक युवतीलाई ठक्कर दिएको छ ।

हनुमाननगरबाट भारदहतर्फ जादै गरेको स.१त.७०७३ नम्बरको ट्र्याक्टरले विपरित दिसा तर्फबाट आउदै गरेको सोही नगरपालिका ६ बस्ने १८ वर्षिया भुवनेश्वरी कुमारी मण्डल घाइते भएको प्रहरीले जनाएको छ ।

उनको कम्मरको दाहिने भागमा चोट लागेकोले स्थानीय पाथिभारा मेडिकलमा उपचार भइरहेको तथा ट्याक्टर प्रहरीले नियन्त्रणमा लिई फरार रहेका चालकको खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै जिल्लाकै शम्भुनाथ नगरपालिका ३ शम्भुनाथ मन्दिर गेट अगाडी सोमबार ओभरटेक गर्ने क्रममा ट्रकमा मोटरसाइकल ठोकिएर दुर्घटना भएको छ ।

पुर्व पश्चिम राजमार्गमा पुर्वबाट पश्चिमतर्फ जादै गरेको ना.४ख.९७९२ नं को ट्रकलाई सोही दिशाबाट जादै गरेको स.८प.४२८४ नं.को मोटरसाइकल पछाडीबाट ओभर टेक गर्ने क्रममा ठोकिदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा ट्रक चालक मकवानपुर उपमहानगरपालिका ११ महगघापर टोल बस्ने २२ वर्षिय किरण लामा, सहचालक २३ वर्षिय सुर्य लामा र मोटरसाइकल चालक शम्भुनाथ ३ बस्ने ५० वर्षका मनोज चौधरी घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

तीनै जनाको युनिक अस्पताल रुपनी उपचार भइरहेको तथा ट्रक र मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# सांसद सिंहले लुगा फुकालेर गरे विरोध

**काठमाडौं**/प्रतिनिधिसभाको बैठकमा आकस्मिक समयमा बोल्न नदिएको भन्दै स्वतन्त्र सांसद अमरेशकुमार सिंहले लुगा फुकालेर विरोध जनाएका छन् ।

सभामुख देवराज घिमिरेले बैठकको सुरुमै सोमबार आकस्मिक समय नरहेको र सोभैं कार्यसूचीमा प्रवेश गर्ने बताएपछि केही सांसदहरूले बैठकमा उभिएर त्यसको विरोध जनाएका छन् ।

सांसद सिंहले पनि आकस्मिक समयमा बोल्न पाउनुपर्ने भन्दै सभामुखलाई आग्रह गरे पनि सभामुख घिमिरेले उनलाई बोल्ने समय उपलब्ध नगराएकाले बस्न भनेका थिए । तर सांसद सिंहले आफूले लगाएको सर्ट फुकालेर विरोध जनाए ।

सांसद सिंहले संसद्‌को मर्यादाविपरीत क्रियाकलाप गरेको भन्दै सभामुख घिमिरेले प्रतिनिधिसभा नियमावली २०७९ को नियम ३० अनुसार पटकपटक चेतावनी दिएपछि सांसद सिंह आफ्नो स्थानमा बसे ।

यसैबीच बैठकको शून्य समयमा बोल्दै सांसद अच्युतप्रसाद मैनालीले यस्तो क्रियाकलाप संसदीय अभ्यासविपरीत रहेको धारणा राखेका छन् । एमालेका सांसद अच्युत मैनालीले सांसद अमरेशकुमार सिंहको स्वास्थ्य जाँच गर्नुपर्ने माग समेत राखे ।

संसदमा जे गतिविधि देखिएको छ त्यसको लागि मनानीय सदस्यको स्वास्थ्य जाँच गर्नुपर्ने माग मैनालीले राखे ।

*वातावरण संरक्षण...*

सहभागीहरूले सडकमा हिडिरहेका नागरिकहरूसँग वातावरण संरक्षणको आवश्यक्ता र नागरिकको जवाफदेहिता बारे छलफल समेत गरेका थिए ।

कार्यक्रममा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालयका संयोजक राजु पासवान, इन्सेक सप्तरी प्रतिनिधि मनोहरकुमार पोखरेल, कार्यक्रम संयोजक वरुण वस्याल, शिक्षकहरू, कायापलटका अभियन्ताहरू, मधेश प्रदेशस्तरीय र शम्भुनाथ नगरस्तरीय मानवअधिकार समूहका पदाधिकारीहरू, बालअधिकार सचेतना समूह सदस्यहरूको सहभागिता रहेको थियो ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनाको न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## इमरान खानको पार्टीका थप ५ सय ४० जना नेता, कार्यकर्ता पक्राउ

**लाहोर**/हिंसाको आरोपमा इमरान खानको पार्टीका थप ५४० जना नेता तथा कार्यकर्ता पक्राउ परेका छन् । लाहोरको कोर्प्स कमाण्डर हाउसलगायात सार्वजनिक र निजी भवनमा आक्रमण गरेको आरोपमा प्रान्तभर आतङ्कवाद विरोधी ऐन अन्तर्गत दायर गरिएका मुद्दामा पञ्जाब प्रहरीले थप ५४० जनालाई गिरफ्तार गरेको छ । पक्राउ पर्नेहरूमा इमरान खान नेतृत्वको पाकिस्तान तहरीक-ए-इन्साफ (पीटीआई) का सदस्य रहेको डनले बताएको छ । मे ९ देखि पञ्जाब प्रहरीले पार्टीका पदाधिकारी र सदस्य विरुद्ध प्रान्तभर २०५ वटा मुद्दा दायर गरेको छ । बिहीबार राति प्रहरी अधिकारी र पीटीआईका कर्मचारीबीच केहीबेर झडप भएको थियो ।

प्रहरीले जेल रोडमा रहेको पीटीआईको कार्यालयमा संदिग्ध ठानिएका पार्टीका सदस्यलाई पक्राउ गर्नका लागि स्टेशनमा सूचना जारी गरिएको थियो । पार्टीका सदस्यले प्रहरीलाई ढुङ्गा हानेको आरोपमा पक्राउ गरिएको छ ।

अदालतबाट छोडिएपछि पीटीआई अध्यक्ष इमरान खानलाई स्वागत गर्न पार्टी समर्थक कार्यकर्ताहरू ठूलो सङ्ख्यामा भेला भएको खबर आएपछि शुक्रबार साँझ उनको जमान पार्क हवेली वरिपरि प्रहरीको उपस्थिति बढाइएको थियो ।

पञ्जाब प्रहरीका प्रमुख डा उस्मान अन्वरले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, महत्वपूर्ण पूर्वाधार, सार्वजनिक र निजी सम्पत्ति दुवैमा आक्रमणका लागि जिम्मेवार अपराधीलाई कारबाही गरिने छ क्षमा दिइने छैन । एजेन्सी

## न्यु योर्कमा श्वेत अमेरकीद्वारा अश्वेत नागरिकको घाटी थिची हत्या

**न्यु योर्क**/श्वेत अमेरिकी मरीन वेटर डेनियल पेनीले स्थानीय सबवे ट्रेनमा घरबारविहीन अश्वेत व्यक्ति जोर्डन नीलीलाई घाँटी थिचेर मरणासन्न पारी शुक्रबार बिहान न्यु योर्क प्रहरीसमक्ष आत्मसमर्पण गरेका छन् । पेनीलाई शुक्रबार दिउँसो म्यानहट्टन फौजदारी अदालतमा उपस्थित गराइदै छ । मे १ मा नीलीको मृत्यु भएकै दिनमा न्यु योर्क प्रहरीले पेनीलाई सोधपुछ मात्र गरेर रिहा गरेको थियो जसका कारण व्यापक विरोध प्रदर्शन भएको थियो । मे ३ मा नीलीको हत्या भएको अनुसन्धानबाट पुष्टि भएपछि मुद्दा अगाडि बढाइएको छ । म्यानहट्टन जिल्ला न्यायाधिवक्ताको कार्यालयका प्रवक्ताले बिहीबार पेनीलाई नरसंहारको आरोपमा पक्राउ गरिने बताएका छन् । एजेन्सी

## हुथी विद्रोहीको ड्रोन आक्रमणमा यमनका तीन सरकारी सैनिकको मृत्यु

**एडेन**/यमनको मारिब प्रान्तमा हुथी मिलिसियाले गरेको ड्रोन हमलामा कम्तीमा तीन यमनी सरकारी सैनिकको मृत्यु भएको । सरकारी अधिकारीले शुक्रबार सिन्ह्वालाई यसबारे पुष्टि गरेका हुन् । नाम न छाप्ने शर्तमा स्थानीय सरकारी अधिकारीले हुथी समूहले रातभर मारिबको हरिब जिल्लामा रहेको सरकारी सैन्य प्रतिष्ठानहरूलाई लक्षित गरी गरेको ड्रोन आक्रमणमा तीन सैनिकको मृत्यु भएको हो ।

अधिकारीले भने, "हुथीहरूले बिहीबार राति विस्फोटक पदार्थले भरिएको ड्रोनले हरिब क्षेत्रमा तैनाथ हाम्रा सैनिकहरूलाई निशाना बनाई ठूलो विस्फोट गराए ।" ड्रोन आक्रमण सरकारी सेना र इरान समर्थित हुथीबीच चलिरहेको द्वन्द्वमा सापेक्ष शान्त अवधिको बीचमा हुने गरेको छ । यद्यपि आक्रमणका घटनामा भने कमी आएको छ । यमनको तेलसम्पन्न मारिब प्रान्त बहुमूल्य स्रोतहरूले नियन्त्रणको लागि विभिन्न गुटहरूलाई बीच झडप हुने गरेको छ ।

हुथी मिलिशियाले सन् २०१४ मा सानाबाट थुप्रै उत्तरी शहर आफ्नो नियन्त्रणमा लिएका छन् र सानाबाट साउदी समर्थित यमनी सरकारलाई हटाएपछि यमन गृहयुद्धमा फसेको छ। यस द्वन्द्वले ठूलो सङ्ख्यामा हताहती भएको छ र मानवीय सङ्कटको तर्फ धकेलिएको छ । एजेन्सी

## युपीको बरेलीको रासायनिक कारखानामा भीषण आगलागी

**बरेली**/उत्तर प्रदेशको बरेलीको पर्साखेरा औद्योगिक क्षेत्रको एक रासायनिक कारखानामा शनिबार भीषण आगलागी भएको छ । विद्युत चुहावटका कारण आगलागी भएको प्रहरीले जनाएको छ । वरपरका बासिन्दाहरूलाई सावधानीका साथ अन्यत्र सारिएको छ । छ वटा दमकल घटनास्थलमा परिचालन गरिएको छ ।

यस हप्ताको सशुरुमा बुधबार युपीको बरेलीको जेरह गाउँमा दिल्ली-लखनऊ राष्ट्रिय राजमार्ग नजिकै अशोक फोम प्राइभेट लिमिटेडको कारखानामा आगलागी हुँदा चार मजदुरको मृत्यु भएको थियो र अन्य छ जना जलेर घाइते भएका थिए ।

आगलागी हुँदा भवनभित्र १०० भन्दाबढी कामदार रहेको बताइएको छ । घटनाको सम्बन्धमा कम्पनीका मालिक र अन्य चार जनालाई मुद्दा दर्ता गरिएको छ युपी प्रहरूले जनाएको छ । एजेन्सी

# गाउँ ब्लक, बाल बिटौरी, मिनही, जिरायत सहितको जग्गालाई दर्ता लालपुर्जा प्रदान गर्न ब्यबस्था मिलाउन माग

**राजविराज**/राजबिराज नगरपालिकाको बिटौरी जग्गा लगायत जिल्ला भरिका गाउँ ब्लक, बाल बिटौरी, मिनही, जिरायत सहितको जग्गालाई दर्ता लालपुर्जा प्रदान गर्न ब्यबस्था मिलाउन माग गरिएको छ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीले बिहीबार ७ बुँदे मागसहित नापी शाखा प्रमुख शत्रुहन प्रसाद यादवलाई ज्ञापन पत्र समेत बुझाएको हो।

लोसपाका जिल्ला अध्यक्ष सुनिल कुमार झाको नेतृत्वमा गएको टोलीले ती जग्गाहरुको नाप जाँच ऐन २०१९ र नेपाल राजपत्र २०७५ मा प्रकाशित सूचना अनुसार नाप नक्शा भई कानुन अनुसार ७ दिने सूचना २१ दिने सुचना प्रकाशित भए पनि उक्त जग्गाहरु दर्ता तर्फ उचित ध्यान नदिई हालसम्म सर्वसाधारण जनताले जग्गा धनी प्रमाण पूर्जा नपाएकोले सो तर्फ अविलम्ब ध्यान दिई कानुनी प्रक्रिया पुरा गराई जनतालाई धनी प्रमाण पूर्जा उपलब्ध गराउन माग गरिएको छ।

त्यस्तै जिल्लाभरि गाउँ ब्लक, बिटौरी, बाल बिटौरी, मिनही, जिरायत समेतका जग्गाहरु नापी भई सम्पूर्ण कार्यहरु सम्पन्न भए पनि हालसम्म दर्तातर्फ कुनै प्रक्रिया बारे सूचना नभएकोले सो तर्फ ध्यान दिन आग्रह गरिएको छ।

राजबिराज नगर क्षेत्रमा मात्रै करिब ४२ सय परिवार वर्षौंदेखी लालपूर्जा आफ्नो नाममा नभएको तथा नक्शा पास समेत रोकिदा समस्यामा छन्। जग्गा वापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोवास र विगतमा समस्या परेका बेला सोही बिटौरी रसिदमा उल्लेखीत जग्गा बैंक र बित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरु अहिले सो सेवा सुविधाबाट पनि बञ्चित भएका छन्।

सो अवसरमा पार्टीका केन्द्रीय सदस्य जयप्रकाश ठाकुर, गजेन्द्र मण्डल, दिपेन्द्र चौधरी, उपेन्द्र साह, राजबिराज नगरपालिकाका पुर्व मेयर शम्भु प्रसाद यादब, वडा नं. ६ अध्यक्ष शशी चौधरी, जिल्ला उपाध्यक्ष राजेन्द्र प्रसाद दास, कोषाध्यक्ष मनोज झा, मनोज देब, सह-सचिब जय नरायण यादब लगायतका नेताहरुको उपस्थिति रहेको थियो।

सोही ज्ञापन पत्र भूमि ब्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभाग काठमाडौं, भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय जनकपुरधाम, जिल्ला प्रशासन कार्यालय सप्तरी र राजबिराज नगरपालिकाको कार्यालयलाई समेत बोदार्थ गरिएको छ।

# बालिका बलात्कार गरेको आरोपमा युवकलाई १८ वर्ष कैद

**राजविराज**/१३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा एक युवकलाई मंगलबार १८ वर्ष कैद सजाय भएको छ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश डा राजेन्द्रकुमार आचार्यको इजलासले उक्त आदेश दिएको हो।

राजविराज नगरपालिका-१२ विषहरियाका २१ वर्षीय कलदीपकुमार खंगलाई १८ वर्ष कैद सजाय भएको सप्तरी जिल्ला अदालतले जनाएको छ।

आरोपितले ७ लाख जरिवाना र एक लाख ५० हजार पीडितलाई क्षतिपूर्ति दिनुपर्ने समेत फैसला भएको अदालतले जनाएको छ।

२०७९ मंसिर १ गते राति आरोपितले ललाइफकाई छिन्नमस्ता गाउँपालिका ६ लोखरममा बलात्कार गरी भागी फरार भएका थिए। फरार अभियुक्त मङ्सिर २० गते पक्राउ परेका थिए। आरोपित गत पुस १८ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्।

# मिटर ब्याज पीडितहरुलाई निवदेन दिन सात दिन थप म्याद

**राजबिराज**/मिटर ब्याज पीडितहरुलाई निवदेन दिन सात दिन थप म्याद गरिएको छ।

मिटर ब्याज सम्बन्धी जाँचबुझ आयोगले बिहीबार विज्ञप्ति जारि गर्दै जेठ १ देखी ७ गते सम्म म्याद थप गरिएको जनाएको छ।

पीडितहरुले आफ्नो भएसम्मका सबुद प्रमाणसहित भएको ब्यहोरा खुलाई अनलाइनबाट सिधै आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन सक्ने जनाएको छ।

सोही विज्ञप्तिमा प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको जनाउँदै सोही कक्षमा निवेदन फारम निशुल्क उपलब्ध हुँदै आएको तथा निवेदन फारम कार्यालयकै कर्मचारीले नै भराई दिने प्रबन्ध समेत मिलाइएको उल्लेख छ।

# अग्निपीडित परिवारलाई सांसद साहले बाडे राहत

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुराका ६ का अग्निपीडित परिवारलाई बिहीवार राहत स्वरुप लत्ताकपडा, भाँडाकुडा, त्रिपाल र खाद्यान्न लगायतका राहत समाग्री प्रदान गरिएको छ।

बुधवार साँझ भएको आगलागीले बेघर बनाएका विपन्न परिवारलाई प्रतिनीधी सभासदस्य नबलकिशोर साहको सहयोगमा सो राहत बितरण गरिएको हो।

महेन्द्र कामैत, शिबु कामैत, बेचन कामैत, जहरी कामैत, देबु कामैत र बद्री कामैतको परिवार बिजोग भएपछि काठमाण्डौमा रहेका सांसद साहले आफ्नो निजी खर्चबाट तत्कालका लागी २५ किलो चामल, भुजा, त्रिपाल, लत्ताकपडा, भाडाकुडा लगायतका राहत समाग्री पठाई दिएको जसपाका यूवा नेता एवं हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साहले जानकारी दिए।

साँझ ६ बजेतीर महेन्द्र कामैतको पुजाघरबाट सल्केको आगो तत्काल नियन्त्रणको उपाय हुन नसक्दा फैलिएर छिमेकी सहित ६ परिबारको १४ वटा घर खरानी भएको थियो।

हावाहुरीका कारण आगो फैलिदा नियन्त्रण कार्य कठिन भएको र झण्डै २० लाख मूल्य बराबरको सम्पती जलेर क्षति भएको वडा अध्यक्ष कृष्ण कुमार यादवले जानकारी दिए। आगलागीमा परेका सबै घर काठ र फुसको संरचना भएका हुन।

यस अघि वडा अध्यक्ष यादवले पनि बुधवार अग्नी पीडितलाई प्रारम्भीक राहत स्वरुप खाद्यान्न वितरण गरेका थिए। आगलागीका सर्वाधिक घट्ना हुने यस जिल्लामा गर्मी मौसमको शूरुवात संगै आगलागीका घटना ह्वातै बढेको छ।

विगत एक महिनाको अवधीका आगलागीका २८ घटना भई २ करोड भन्दा बढीको क्षति भई सकेको राजबिराज नगरपालिका बारुणयन्त्र विभागको तथ्याँकले देखाएको छ।

# धमेन्द्र झालाई मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार

**रौतहट**/मनोज चौधरी स्मृति पत्रकारिता पुरस्कार २०८० राष्ट्रिय समाचार समितिका अध्यक्ष धमेन्द्र झालाई प्रदान गरिने भएको छ।

नेपाल पत्रकार महासङ्घ रौतहट शाखाको वैशाख २९ गते बसेको कार्यसमितिको बैठकले उक्त निर्णय गरेको हो। पुरस्कारको राशि रु २५ हजार रहेको छ।

महासङ्घ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाले आगामी जेठ २० मा पुरस्कार वितरण गरिने जानकारी दिए। गत वर्ष २०७९ को प्रथम पुरस्कारबाट गोरखापत्र संस्थानका नायब कार्यकारी सम्पादक एवं नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका पूर्वअध्यक्ष कुमार विवेकानन्द मिश्रालाई प्रदान गरिएको थियो।

रौतहटबाट प्रसारण हुने रेडियो मधेस मसलाका स्टेशन म्यानेजर एवं जनकपुर टुडेका रौतहट समाचारदाताका रूपमा काम गर्दै आएका पत्रकार मनोज चौधरीको २०७८ वैशाख २९ गते ४१ वर्षको उमेरमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाएका थिए।

गरुडा नगरपालिका-४ बस्ने चौधरीको एक छोरा र एक छोरी छन् भने उनकी श्रीमती पुनमकुमारी चौधरी सोही पालिकामा उपप्रमुख पदमा निर्वाचित भएकी छिन्।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*